मिति: २०८०/१२/०४ ने.सं. ११४४ चिल्लाथ्व, ८ आइतबार बैठक संख्या - १३

आज मिति २०८०/१२/०४ गते आइतबारको दिन यस हिलिहाङ गाउँ कार्यपालिकाको कार्यालय, पञ्चमी पाँचथरका अध्यक्ष श्री समर बहादुर अधिकारीज्यूको अध्यक्षतामा तपसिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा आ.व २०८०/०८१ को तेह्रौं गाउँ कार्यपालिका बैठकद्वारा तल उल्लेखित प्रस्तावहरू माथि छलफल गरी देहायनुसारका निर्णयहरू पारित गरियो ।

**उपस्थिति :**

१. अध्यक्ष : श्री समर बहादुर अधिकारी ...............................................

२. उपाध्यक्ष : श्री सुमित्रा उप्रेती सेडाई ...............................................

३. वडा अध्यक्ष : श्री सन्तोष लिङदेन ...............................................

४. वडा अध्यक्ष : श्री भिम प्रसाद हेम्ब्या ...............................................

५. वडा अध्यक्ष : श्री बिरेन्द्र कुमार योङहाङ ...............................................

६. वडा अध्यक्ष : श्री धनपति गिरी ...............................................

७. वडा अध्यक्ष : श्री बिर्ख बहादुर सुहाङ ...............................................

८. वडा अध्यक्ष : श्री गणेश प्रसाद योङहाङ ...............................................

९. वडा अध्यक्ष : श्री धनकुमार लिम्बु ...............................................

१०. कार्यपालिका सदस्य श्री सुष्मा लावती ...............................................

११. कार्यपालिका सदस्य श्री बिष्णु कुमारी भट्टराई ...............................................

१२. कार्यपालिका सदस्य श्री बिरेन्द्र मंग्राती ...............................................

१३. कार्यपालिका सदस्य श्री पुण्यप्रसाद राई...............................................

१४. कार्यपालिका सदस्य श्री निम्की भोटेनी भोटिया ...............................................

१५. कार्यपालिका सदस्य श्री गंगामाया विश्वकर्मा...............................................

१६. **सदस्य सचिव** श्री टोपेन्द्र कुमार लिम्बु ...............................................

१७. प्रशासन शाखा प्रमुख श्री प्रकास अधिकारी...............................................

१८. इन्जिनीयर श्री हिमाल पुरी...............................................

१९. रोजगार सहायक श्री मेदनी भण्डारी...............................................

निर्णय प्रमाणित

टोपेन्द्र कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत

२०. लेखा अधिकृत श्री ईश्वरी प्रसाद पाण्डे ..........................................................................

२१. कम्प्युटर अपरेटर लक्ष्मी चुहान..........................................................................

२२. कार्यालय सहयोगी श्री बजिन्द्र कुमार पुरी..........................................................................

निर्णय प्रमाणित

टोपेन्द्र कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत

**प्रस्तावहरू:-**

१. पाँचशैया हस्पिटल म्याद थप सम्बन्धमा।
२. प्रदेश समपूरक अनुदान तथा विशेष अनुदान माग सम्बन्धमा।
३. आन्तरिक लेखा परिक्षक छनौट सम्बन्धमा।
४. अर्धवार्षिक समिक्षा तथा सार्वजनिक सुनुवाई सम्बन्धमा।
५. प्रशासकीय भवन घाटा मूल्याङ्कन समिति गठन सम्बन्धमा।
६. अपाङ्गता भएका व्यक्तिहरु तथा परिवारका सदस्यहरुको तालिम र व्यवसाय स्थापनाको लागि प्रविधि हस्तान्तरण कार्यक्रमको लागत अनुमान स्वीकृति सम्बन्धमा।
७. विविध।

टोपेन्द्र कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत

मिति: २०८०/१२/०४ ने.सं. ११४४ चिल्लाथ्व, ८ आइतबार बैठक संख्या - १३

**निर्णय नं. –१.**

आ.व. ०७८/०७९ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत ठेक्का नं. HRM/NCB/WORKS/notice04/078/079, "Construction of 5 Bed Hospital Hilihang Rural Municipality" को निर्माण कार्यको लागि बहुबर्षिय ठेक्का आव्हान गरी मिति २०८०/११/२८ गते कार्य सम्पन्न गर्ने गरी मिति २०७८/११/२७ गते श्री एपेक्स-मिसन जे.भी. काठमाडौंसँग ठेक्का सम्झौता भएको र निर्माण कम्पनीले २०८०/११/०६ गते सामाग्री अभाव, वर्षातका कारण यातायातमा आएको समस्या समेतका कारण तोकिएको समयमा काम सम्पन्न गर्न सकिएको भनी म्याद थपको लागि लिखित निवेदनका आधारमा सार्वजनिक खरिद ऐन २०६३ को दफा ५६ र सार्वजनिक खरिद नियमावली २०६४ (बाह्रौं संशोधन) को नियम १२० बमोजिम आगामी २०८० असार १० गतेसम्म म्याद थप गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. –२.**

प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ को दफा ७ बमोजिम आगामी आ.व. २०८१/०८२ का लागि स्थानीय तहमा प्रदेश समपूरक अनुदान अन्तर्गत तपसिल बमोजिमको आयोजनाहरू सञ्चालन गर्ने प्रस्ताव पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल**

| क्र.सं. | आयोजनाको नाम | मुलभूत क्षेत्र | कुल लागत | आयोजना अवधि |
|---|---|---|---|---|
| १. | २ नम्बर वडा कार्यालय भवन निर्माण | सुशासन क्षेत्र | १,९३,९८,२७५.१९ | २ वर्ष |
| २. | बालाचतुरे-ओराङफुङ-जेभाले मुर्दे सडक | पूर्वाधार क्षेत्र | ८४,४८,०९,८२६.५८ | वर्ष |

प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७७ को दफा ५ बमोजिम आगामी आ. व. २०८१/०८२ का लागि यस स्थानीय तहमा प्रदेश विशेष अनुदान अन्तर्गत तपसिलको आयोजनाहरु सञ्चालन गर्ने प्रस्ताव पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल**

| क्र.सं. | आयोजना/कार्यक्रमको नाम | मुलभूत क्षेत्र | कुल लागत | आयोजना अवधि |
|---|---|---|---|---|
| १. | स्वास्थ्य चौकी भारपा भवन निर्माण | सामाजिक क्षेत्र | भवन विभागको Standard Norms तथा स्वास्थ्य मन्त्रालयको मापदण्ड बमोजिम | १ वर्ष |

**निर्णय नं. -३**

यस गाउँपालिकाको चालू आ.व. २०८०/०८१ पहिलो र दोश्रो चौमासिकसम्मको वार्षिक बजेट तथा कार्यक्रम बमोजिमको कार्यक्रम तथा आयोजनाहरूको आन्तरिक लेखा परीक्षण गर्न तुम्बेवा गाउँपालिकामा कार्यरत आन्तरिक लेखा परिक्षक सहायक पाँचौ श्री राजेश भण्डारीबाट गराउने सर्वसम्मत निर्णय गरियो ।

टोपेन्द्र कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत

मिति: २०८०/१२/०४ ने.सं. ११४४ चिल्लाथ्व, ८ आइतबार बैठक संख्या - १३

टोपेन्द्र कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. -४**

यस गाउँपालिकाको चालू आ.व. २०८०/०८१ पहिलो र दोश्रो चौमासिकसम्मको अर्धवार्षिक समिक्षा तथा सार्वजनिक सुनुवाई कार्यक्रम आम नागरिक, सर्वसाधारण, बुद्धिजिवि, पत्रकार, समाजसेवी, सरोकारवाला स्थानीयवासीहरू समक्ष २०८० चैत्र २६ गते हिलिहाङ दरबार परिसरमा सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. -५**

यस गाउँपालिकाको प्रशासकीय भवन निर्माण आयोजनाको लागि यस कार्यालय र एस.ए.एस. कन्ट्रक्सन प्रा.लि बीच मिति २०७८।११।१० गते सम्झौता भई निर्माण कार्य अगाढी बढेकोमा निर्माण व्यवसायी एस.ए.एस कन्ट्रक्सन प्रा.लि. ले गलत विवरण पेश गर्नाले बोलपत्रदाता योग्य ठहर भएको भनि आर्थिक वर्ष २०७८।७९ मलेप डोर कार्यालय फिदिम पाँचथरको प्रारम्भिक प्रतिवेदनमा उल्लेख भएको साथै सो सम्बन्धमा छानविन गरी सार्वजनिक कानून तथा प्रचलित कानून बमोजिम कारबाही गर्न सिफारिस गरे बमोजिम यस कार्यालयले छानविन गरी मिति २०७९।०८।२५ गते एस.ए.एस कन्ट्रक्सन प्रा.लिसँग सम्झौता अन्त्य गरी कालोसूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयलाई सिफारिस गरेको देखिएको छ । वोलपत्रद्धाताले गलत विवरण पेश गर्नाले ठेक्का अन्त्य भएको हुनाले उक्त ठेक्का अन्त्य भएको कारणबाट पुन: निर्माण कार्यमा यस कार्यालयलाई पुग्न सक्ने संभावित प्राविधिक तथा आर्थिक पक्षको घाटाको मुल्याङकन गरी सुझाव सहित कार्यपालिकामा प्रतिवेदन पेश गर्न तपसिल बमोजिमको प्रशासकीय भवन घाटा मूल्याङ्कन समिति गठन गरियो ।

**तपसिल**

१. ४ नं. वडा अध्यक्ष श्री धनपति गिरी — संयोजक
२. १ नं. वडा अध्यक्ष श्री सन्तोष लिङदेन — सदस्य
३. लेखा अधिकृत श्री ईश्वरी प्रसाद पाण्डे — सदस्य-सचिव

**निर्णय नं. -६**

अपाङ्गता भएका व्यक्तिहरु तथा परिवारका सदस्यहरुको तालिम र व्यवसाय स्थापनाको लागि प्रविधि हस्तान्तरण कार्यक्रमको लागत अनुमान स्वीकृति गरी प्रमाणिकरणको लागि प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. -७**

**विविध:-**

क. यस हिलिहाङ गाउँपालिकामा आ.व. २०८०/०८१ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत सञ्चालन हुने योजनाहरुमा विश्वबैंकबाट प्राप्तहुने बजेट थप भएकोले तपसिल बमोजिमको योजना छनौट गरी योजना सञ्चालन गर्न सर्वसम्मत निर्णय गरियो ।

| क्र.सं. | आयोजनाको नाम | वडा नं. | श्रमिक संख्या | बजेट श्रोत |
|---|---|---|---|---|
| १. | हागेपुङ बरको रुखदेखि हस्तपुर भोगटेनी ४ नं. वडा कार्यालयसम्म नाली तथा सोलिङ | ४ | ६ | विश्व बैंक |

ख. "हिलिहाङ गाउँपालिका आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७९" बमोजिम विभिन्न मितिमा प्राप्त भएको निवेदन तथा वडाको सिफारिस उपर छलफल गर्दा हिलिहाङ गाउँपालिका आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७९ को मापदण्ड बाहेकको अन्य विपन्न परिवारको तपसिलको व्यक्तिहरूलाई अन्य आर्थिक सहायता शिर्षकबाट भुक्तानी दिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

तपसिल

| क्र.सं. | नामथर | ठेगाना | प्रकृति | सहायता रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | एजन लिङदेन | हिलिहाङ-१, पाँचथर | Craniotomy Surgery | रु. २५,०००/- | बिरामीको छोरा |

ग. हिलिहाङ गाउँपालिकाको पर्यटकीय क्षेत्र हिलिहाङ दरबार क्षेत्रमा रेखदेख गर्ने प्रयोजनको लागि चालू आ.व. २०८०/०८१ सम्म लागू हुने गरी दैनिक डोर हाजिरीको आधारमा अर्ध दक्ष कामदार बराबरको ज्यालादारीमा १ (एक) जना कर्मचारी राखी आवश्यक कारबाही गर्न/गराउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

घ. हिलिहाङ गाउँपालिका वडा नं. ६ मा सञ्चालनमा रहेको नागरिक आरोग्य केन्द्र, जोरपोखरीमा कम जनशक्ति भएको कारण सेवा प्रवाहमा समस्या भएको निवेदन प्राप्त भए बमोजिम उक्त आरोग्य केन्द्रमा सहायक कर्मचारीको रूपमा चालू आ.व. २०८०/०८१ सम्म लागू हुने गरी दैनिक डोर हाजिरीको आधारमा अर्ध दक्ष कामदार बराबरको ज्यालादारीमा १ (एक) जना कर्मचारी राखी आवश्यक कारबाही गर्न/गराउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

निर्णय प्रमाणित

टोपेन्द्र कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत